# पाठ ३: सबैको निम्ति क्रियाकलापहरू

Published by Elektra Media Ltd
Istambha Nepal

# पाठ ३: सबैको निम्ति क्रियाकलापहरू

पाठ ३ ले सबैको निम्ति उपयुक्त हुने किसिमका क्रियाकलापहरू उपलब्ध गराउँछ। क्रियाकलापहरूलाई सबै उमेर समूहका र सक्षमता भएका सिकारुहरूका निम्ति उपयुक्त हुने गरि डिजाइन गरिएको छ, र तिनीहरूलाइ कसरी प्रयोग गर्ने भन्ने सल्लाहहरू पनि दिइएको छ। यदि कुनै क्रियाकलाप तपाईंको समूहको लागि उपयुक्त भएन भने त्यसलाई छाडिदिनुहोस् र अर्को क्रियाकलापमा जानुहोस् वा यसलाई कसरी फरक तरिकाले गर्न सकिन्छ भनेर सोच्नुहोस्।
क्रियाकलापहरू विभिन्न प्रकारका कथाहरू, कविताहरू र वर्णनात्मक लेखसँग सम्बन्धित छन्।
यो प्रस्तुतिले तपाईंलाई केही क्रियाकलापहरूको निम्ति चाहिने सामाग्रीहरू र महत्वपूर्ण सुझावहरूसहित कार्यपुस्तिकाको बारेमा जानकारी दिनेछ।

यो पाठमा भएका क्रियाकलापहरूले सामूहिक छलफल, सामूहिक अध्ययन, लेखाइ, सृजना गर्ने तथा अनुसन्धान गर्ने जस्ता विभिन्न सीपहरू समेटेको छ। यसभित्र स्वतन्त्र रूपले काम गर्ने, दुई जनाको समूहमा काम गर्ने र समूहमा काम गर्ने जस्ता क्रियाकलापहरू पर्छन्। यी क्रियाकलापहरूलाई संकेतहरूद्वारा जनाइएको छः


छलफल क्रियाकलाप


सामूहिक अध्ययन


बोल्ने क्रियाकलाप


लेख्ने क्रियाकलाप


दुई जनाको समूहमा काम गर्ने


समूहमा कार्य गर्ने


पुस्तकबाट पढ्ने


सृजनात्मक क्रियाकलाप

यस्तो संकेत भएको कार्यपुस्तिकामा तपाईंले अतिरिक्त सल्लाहहरू पाउन सक्नुहुनेछ।



Published by Elektra Media Ltd
Istambha Nepal

# कार्यपुस्तिकाहरूको प्रयोग कसरी गर्ने

library NEPAL

हरेक पाठका क्रियाकलापहरू एकपट्टिमात्र प्रिन्ट गरिएका कार्यपुस्तिकाहरूमा समेटिएका छन् ।

सम्भव भएसम्म, समूहमा बाँड्नको निम्ति कार्यपुस्तिकाहरू प्रिन्ट गर्नुहोस् ।

तर यसो गर्न सम्भव नभएमा चिन्ता नगर्नुहोस् । त्यसको निम्ति तपाईंले दिइएका कुरा गर्न सक्नुहुन्छः

- यदि तपाईंसँग कम्प्युटर छ भने कम्प्युटर स्क्रिनमा देखाउनुहोस् ।
- मोबाइलको प्रयोग गरेर सबै विद्यार्थीलाई देखाउनुहोस् ।
- क्रियाकलाहरूलाई ठूलो सेतो/कालो पाटीमा लेख्नुहोस् ।
- सत्र सुरु गर्नु अगाडि कार्यपुस्तिकालाई हेर्नुहोस् र तपाईंको अध्ययन समूहसँग गर्ने क्रियाकलापहरूको नोट बनाउनुहोस् ।

तपाईंले कुनै पनि कुरा प्रिन्ट गर्नुपर्ने वा पुस्तकालयमा स्क्रिनमा देखाउनु पर्ने बाध्यता छैन ।
यी सामाग्रीहरूलाई अवधारणाहरूको रूपमा प्रयोग गर्नुहोस्, तिनलाई स्मरण गर्नुहोस्, तिनीहरूको बारेमा अरूलाई बताउनुहोस् र ती अवधारणाहरूको प्रयोग गर्नुहोस् ।
सामाग्रीहरूको अभाव छ भने, लेख्ने र चित्र कोर्ने क्रियाकलापहरूलाई समूहिक छलफल क्रियाकलापमा बदल्न सक्नुहुन्छ । विद्यार्थीहरूले लेख्नु वा तिनीहरूले बनाएको चित्रको वर्णन गर्नुको साटो कथा भन्न सक्छन् । यी क्रियाकलापहरूलाई पुस्तकालयमा उपलब्ध सामाग्री अनुसार अनुकूल तरिकाले प्रयोग गर्न सकिन्छ ।

तपाईंले यी सामाग्रीहरू जुनसुकै बेला डाउनलोड गर्न सक्नुहुन्छ र तिनीहरूलाई कम्प्युटर, स्थानीय संजाल (नेटवर्क) वा तपाईंको फोनमा राख्न सक्नुहुन्छ । यसको निम्ति तपाईंले www.library-nepal.com मा जानुपर्छ ।

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# १) तपाईंलाई मन पर्ने कथा

यो सत्रमा, अध्ययन समूहहरूले आफूलाई मन पर्ने कथाको बारेमा कुरा गर्नेछन्, पुस्तकको आवरण डिजाइन गर्ने छन् र अरूलाई कथाहरू पढ्न वा खोजी गर्न मनाउन सक्नेछन् ।

## सामाग्रीः

- लेख्न वा चित्र कोर्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति सुझावहरूः

१. सबैलाई केही कुरा भन्न प्रोत्साहन दिनुहोस्, तर यदि कोही बोल्न चाहँदैन भने कर नलगाउनुहोस् । समूहलाई बोल्न दिनुभन्दा अगाडि तपाईंले सुरु गर्नुहोस् ।

२. सहायताको निम्ति तपाईंले समूहलाई पुस्तकका आवरणहरू देखाउन सक्नुहुन्छ ।

३. विद्यार्थीहरूलाई उनीहरूको भनाइहरू सकेसम्म चाखलाग्दो बनाउन लगाउनुहोस् ।

४. कथा पुस्तकालयबाट लिनुपर्छ भन्ने छैन । यो कुनै लोक कथा वा देवी-देवताहरूको कथा पनि हुन सक्छ ।



**तपाईंलाई मनपर्ने कथा**
पाठ ३ सबैको निम्ति क्रियाकलापहरू

सबैसँग एउटा मनपर्ने कथा हुन्छ! यो सत्रमा तपाईंलाई मनपर्ने कथाको बारेमा कुरा गर्नुहुनेछ, त्यस कथाको निम्ति आवरण पृष्ठ डिजाइन गर्नुहुनेछ र अरूलाई पनि यो कथा पढ्न राजी गराउनुहुनेछ ।
तपाईंको पुस्तकालय पुस्तकहरूले भरिपूर्ण छ, त्यसैले त्यहाँ तपाईंलाई नयाँ कथा खोज्ने मौका मिल्छ ।

१. गोलो घेरामा बस्नुहोस् ।
पालैपालो आफूलाई मनपर्ने कथाको नाम र मन पर्ने एउटा कारण भन्नुहोस् ।

यदि कसैलाई मन पर्ने कथा सोच्न कठिन भइरहेको छ भने, सबैलाई थाहा भएको तपाईंले प्रख्यात कथाको उदाहरण दिनुहोस्; उदाहरणको निम्ति देवी वा देवताको कथा ।

२. तपाईंलाई मनपर्ने कथाको निम्ति किताबको आवरण (बाहिरी खोल) डिजाइन गर्नुहोस् वा तपाईंको पुस्तकको आवरणको बारेमा एकजना साथीसँग कुरा गर्नुहोस् ।
तपाईंको पुस्तकको आवरणले मानिसहरूलाई पढ्न प्रोत्साहित गर्नुपर्छ, तर कथालाई बिगार्नु हुँदैन ।
तलका कुराहरू समावेश गर्न सक्नुहुन्छः

- शीर्षक
- लेखकको नाम
- एउटा चित्र
- पुस्तकको बारेमा प्रकाशकले लेखेको कुरा

यदि कसैलाई मनपर्ने पुस्तक पुस्तकालयमा छ भने, उक्त व्यक्तिले बनाएको आवरणलाई त्यो पुस्तकको आवरणसँग तुलना गर्न सक्नुहुन्छ ।

३. तपाईंलाई मन पर्ने पुस्तक बजारमा बेच्दै हुनुहुन्छ भन्ने कल्पना गर्नुहोस् ।
तपाईंको ग्राहकलाई के भनेर पुस्तक किन्न राजी गराउनुहुन्छ?
एउटा छोटो मनतव्य (भाषण) तयार गरेर समूहमा सुनाउनुहोस् ।
यदि लेख्ने कुराहरू र खाली पानाहरू उपलब्ध छन् भने पहिले यसलाई लेख्न पनि सक्नुहुन्छ ।

तपाईंको मनतव्यमा यी कुराहरू समावेश हुनुपर्छः

- तपाईंलाई उक्त पुस्तक वा कथा किन मनपर्छ
- तपाईंका ग्रहकहरूले किन त्यो पुस्तक पढ्दा रमाइलो मान्नेछन्

यो सामूहिक वा व्यक्तिगत क्रियाकलाप हुन सक्छ ।

यदि तपाईंको समूह लजायो भने, सबैलाई थाहा भएको कथा छानेर संयुक्त रूपमा मनतव्य (भाषण) तयार गर्नसक्नुहुन्छ ।

३. सबैले जानेको कथामा सामूहिक सहमती जनाउनुहोस् ।
कथाको सानो खण्ड पालैपालो भन्नुहोस् ।
यदि तपाईंलाई सबै कथा आएन भने चिन्ता नगर्नुहोस्- आफैले बनाउनुहोस् !

हरेकले कति लामो बोल्ने भन्ने कुराको निर्णय गर्नुहोस् । उदाहरणको लागि, सबैलाई दुई वाक्यहरू भन्न लगाउन सक्नुहुन्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

Published by Elektra Media Ltd
Istambha Nepal

# २) कथाका प्रकारहरू

यो सत्रमा, अध्ययन समूहहरूले कथाका विभिन्न प्रकारहरूको बारेमा कुरा गर्नेछन्, पुस्तकालयबाट विभिन्न किसिमका कथाहरू पत्ता लगाउनेछन् र  नयाँ कथाहरू बनाउनेछन् ।

## सामाग्री

- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति सुझावहरू:

१. धेरै ठाउँ छैन भने, समूहलाई गोलो घेरामा बस्न लगाउनुहोस् र छानिएका पुस्तकहरूलाई सबैले देख्ने गरी बीचमा राख्नुहोस् ।

२. दन्त्य कथाको बारेमा समूहलाई बुझाउनको निम्ति सबैले जानेको उदाहरण सोच्नुहोस् ।

३. सबै समूहमा फरक सीपहरू र क्षमताहरू भएका व्यक्तिहरू राख्नुहोस् ।


**कथाका प्रकारहरू**
पाठ ३ सबैको निम्ति क्रियाकलापहरू

कथाहरू धेरै प्रकारका हुन्छन् । यो सत्रमा तपाईंले विभिन्न प्रकारका कथाहरू र ती कथाहरूलाई के कुराले फरक पार्दछ भन्ने कुरा सिक्नुहुनेछ ।

१. समूहमा, तपाईंले सकेसम्म कथाका प्रकारहरूको नाम भन्ने प्रयास गर्नुहोस् । तिनीहरूको सूची बनाउनुहोस् ।

उदाहरणको लागि
- देवी र देवताहरूको बारेमा लेखिएका कथाहरू
- इतिहाससम्बन्धी
- प्रकृतिसम्बन्धी
- मानिसहरूसम्बन्धी
- जनावरहरूसम्बन्धी

२. दुईजनाको समूहमा काम गर्नुहोस् । क्रियाकलाप १ मा तपाईंले बनाउनु भएको कथाका प्रकारसँग मेल खाने किसिमका पुस्तकहरूको सूची बनाउनुहोस् । तपाईंले पत्ता लगाउनुभएका कुराहरूको अरूलाई बताउनुहोस् ।

३. **दन्त्य कथा** कथाको एउटा प्रकार हो ।
यी कथाहरूले पाठकहरूलाई जीवनको बारेमा शिक्षा दिन्छन् र कसरी व्यवहार गर्ने भन्ने कुरा सिकाउँछन् ।
कहिलेकहिँ यसका पात्रहरू जनावरहरू हुन्छन् । के तपाईंलाई कुनै दन्त्य कथा थाहा छ?
समूहमा, तपाईंको आफ्नै दन्त्य कथा बनाउनुहोस् । खाली कागजका पानाहरू उपलब्ध छन् भने त्यो कथालाई लेख्न सक्नुहुन्छ र पुस्तकालयमा राख्न सक्नुहुन्छ । तपाईंको दन्त्य कथाको शिक्षा के हो बताउन सक्नुहुन्छ?

तपाईंले पुस्तकालयका नियमहरूको बारेमा दन्त्य कथा बनाउन सक्नुहुन्छ , उदाहरणको लागिः
*एउटा सानो खरायोले पुस्तकालयबाट पुस्तक चोऱ्यो र त्यस पुस्तकका पानाहरू चपायो ।* पछि, उसको पेट नराम्ररी दुख्यो । शिक्षाः पुस्तकलाई होसियारीसँग चलाउनुपर्छ ।

४. सानो समूहमा काम गर्नुहोस् । क्रियाकलाप १ बाट कुनै एक प्रकारको कथा छान्नुहोस् । त्यस्तो प्रकारको कथामा मिल्ने किसिमको कथा सृजना गर्नुहोस् । खाली कागजहरू उपलब्ध छन् भने, त्यो कथालाई लेख्न सक्नुहुन्छ ।

समूहलाई काम गर्न कठिन भयो भने, तरिका सिक्नको निम्ति विद्यार्थीहरूले पुस्तकालयमा किताबहरूको कलेवर हेर्न सक्छन् ।

त्यसपछि, उनीहरूले तल दिइएका क्रियाकलापहरू गर्न सक्नेछन्:
- समूहका बाँकी सदस्यहरूलाई कथा सुनाउन सक्छन्
- कथालाई नाटकमा रूपान्तर गरेर देखाउन सक्छन्

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# ३) कविता र वर्णन

यो सत्रमा, अध्ययन समूहहरूले कवितामा भएको भावनाहरू र वर्णनको बारेमा सोच्नेछन् र नयाँ कविता र रचनात्मक वर्णनहरूको सृजना गर्नेछन् ।

## सामाग्रीः

- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति सुझावहरूः

१. सबैले भावना र वर्णन भनेको के हो भन्ने कुरा जानेका छन् भन्ने कुरा निश्चित गर्नुहोस् । भावना अनुभव हो र वर्णनचाहिँ शब्दहरूमा व्यक्त गरिएको कुनै कुराको तस्विर हो ।

२. विद्यार्थीहरूलाई सकेसम्म चाँडो शब्दहरू छान्न लगाएर तपाईंले यो क्रियाकलापलाई केही चुनौतिपूर्ण बनाउन सक्नुहुन्छ । यदि तपाईंसँग घडी छ भने समय सीमा पनि तोक्न सक्नुहुन्छ ।

३. तपाईंको विद्यालयमा पाइने कुनै चिज वा बाहिर भेटिने कुनै वस्तुको प्रयोग गरेर पनि यो क्रियाकलाप गर्न सक्नुहुन्छ ।



कविता र वर्णन
पाठ ३ सबैको निम्ति क्रियाकलापहरू

library NEPAL

तपाईंको पुस्तकालयमा कथा र कविताका धेरै पुस्तकहरू समेटिएका छन् ।
कथाहरू र कविताहरूमा भावनाहरू तथा विचारहरूको बारेमा बताउनको निम्ति शब्दहरूको प्रयोग रचनात्मक तरिकाले गरिएको हुन्छ ।
यो सत्रमा, तपाईंले कवितामा भएका भावनाहरू र वर्णनहरूको बारेमा सोच्नुहुनेछ अनि आफ्नै कविताहरू र रचनात्मक वर्णनहरूको सृजना गर्नुहुनेछ

१. दुई जनाको समूहमा काम गर्नुहोस् ।तपाईंलाई थाहा भएको वा पुस्तकालयको पुस्तकबाट एउटा कविता छान्नुहोस् । त्यो कविता आफ्नो साथीलाई वाचन गरेर सुनाउनुहोस् । दुई जना मिले त्यो कवितामा भावनाहरू, वर्णनहरू वा दुबै कुराहरू के छन् भन्ने निर्णय गर्नुहोस् । कवितालाई पुनः एकपटक पढ्नुहोस् वा वाचन गर्नुहोस् र आवाजको प्रयोग गरेर भावना वर्णनलाई प्रकट गर्नुहोस् ।भूमिका परिवर्तन गर्नुहोस् र अर्को कविता लिएर क्रियाकलापलाई दोहोर्‍याउनुहोस् ।

यदि केही विद्यार्थीहरू भर्खर पढ्न सिक्दैछन् भने तपाईं आफैले कविताको एक पटकमा एउटा हरफ वाचन गरेर सुनाउन सक्नुहुन्छ र उनीहरूलाई दोहोर्‍याउन लगाउन सक्नुहुन्छ ।

२. समूहमा, एउटा शीर्षक छान्नुहोस्, उदाहरणको लागिः ग्रीष्म ऋतु, पानी वा साथीहरू हरेकले विषयसँग मिल्ने एउटा शब्द भन्नुपर्छ, उदाहरणको निम्तिः ग्रीष्म ऋतु – गर्मी, घमाइलो, वर्षात् पानी- चिसो, चम्किलो, ताजगी दिने सूचि बनाउनुहोस् । यी सबै शब्दहरू समेटेर एउटा कविता लेख्नुहोस् ।

विद्यार्थीहरूलाई वृहत शीर्षक छान्न प्रोत्साहित गर्नुहोस् । यदि उनीहरूलाई शब्दहरू सोच्न कठिन भयो भने, तलका प्रश्नहरू सोध्नुहोस्:
- शीर्षकले तपाईंलाई कस्तो महसुस गरायो?
- शीर्षकले तपाईंमा कस्तो विचारहरू उत्पन्न गरायो?

३. गोलो घेरामा बस्नुहोस् । एक जनाले पुस्तकालयबाट लिएको पुस्तकबाट एउटा चित्र छान्ने । अर्को व्यक्तिले तस्विरमा भएको एउटा वस्तु छान्ने । उदाहरणको लागि, एउटा रूख, एउटा चरा वा एउटा घर । त्यो वस्तुलाई वर्णन गर्ने शब्दहरू पालैपालो बताउने । कुनै शब्दहरू नदोहोरिऊन् भन्ने कुरामा निश्चित गर्नुहोस् ! समूह मिलेर कतिओटा शब्दहरू सोच्न सक्नुहुन्छ?

उदाहरणको लागि, छानिएको शीर्षक चरा हो भने वर्णन गर्ने शब्दहरू: *सानो, रङ्गीन, चिरबिर ...*

क) अब सबै शब्दहरूको प्रयोग गरेर एक वा दुई शब्दमा स्पष्ट वर्णन गर्नुहोस् ।
ख) समूहले सोचेका शब्दहरूको प्रयोग गरेर दुई जना मिलेर त्यो चिजको बारेमा एउटा कविता बनाउनुहोस् ।

४. पुस्तकालयबाट एउटा पुस्तक लिनुहोस् र एउटा चित्र छान्नुहोस् । चित्रको वर्णन लेख्नुहोस् वा साथीलाई चित्रको वर्णन गर्नुहोस् । यदि तपाईं चित्रभित्र उभिरहनु भएको भए तपाईंले के देख्न, सुन्न, सुँघ्न र छुन सक्नुहुन्थ्यो भन्ने कुरालाई वर्णनमा समेट्नुहोस् । पुस्तक पढ्नुहोस् र कथामा के हुन्छ भन्ने कुरा थाहा पाउनुहोस् वा पढाइ च्याम्पियनलाई पढ्न लगाउनुहोस् ।

यदि केही विद्यार्थीहरू भर्खर पढ्न सिक्दैछन् भने एउटा चित्र पुस्तक छान्नुहोस् अनि उनीहरूलाई चित्र छान्न लगाउनुहोस् । क्रियाकलापको अन्त्यमा, समूहको निम्ति कथा पढेर सुनाउनुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

Published by Elektra Media Ltd
Istambha Nepal

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा अध्ययन कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@library-nepal.com

elektra media Published by Elektra Media Ltd
Istambha Nepal